एकाइ ३ · हाम्रा सामाजिक मूल्यमान्यता: धर्म, मानवमूल्य र नेपाली कला

कार्यपत्र

पूर्णाङ्क ३०

नाम _____ कक्षा _____ रोल नं. _____ मिति _____ प्राप्ताङ्क _____ / ३०

१ मुख्य शब्द [३]

कोठामा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको ०.५ अङ्क छ।

ग्रन्थ चित्र	पौभा चित्र	प्यागोडा शैली	भित्ते चित्र	मानवमूल्य	मूर्तिकला	शिखर शैली	स्तूप

मानिसलाई असल व्यक्ति बनाउन आवश्यक पर्ने गुणलाई _____ भनिन्छ। धार्मिक ग्रन्थका पानामा त्यसको कथा वा विषयवस्तुअनुसार बनाइएको चित्रलाई _____ भनिन्छ। कपडामा बनाइने धार्मिक चित्रलाई _____ भनिन्छ। ढुङ्गा, धातु, काठ र माटो जस्ता वस्तुबाट विभिन्न आकृति बनाउने कलालाई _____ भनिन्छ। बुद्ध वा महान् गुरुका अस्थि जस्ता पवित्र वस्तु जमिनमुनि राखेर त्यसमाथि बनाइएको अर्धगोलाकार स्मारकलाई _____ भनिन्छ। तलबाट क्रमशः साँघुरो हुँदै टुप्पामा चुच्चो परेको र पर्वतको शिखरजस्तो देखिने वास्तुशैलीलाई _____ भनिन्छ।

२ जोडा मिलाउनुहोस् [३]

समूह 'क' का धर्मलाई समूह 'ख' का धर्मग्रन्थसँग जोडा मिलाई कोठामा अक्षर लेख्नुहोस्। समूह 'ख' को एउटा धर्मग्रन्थ बढी छ। प्रत्येकको ०.५ अङ्क छ।

समूह 'क'		समूह 'ख'
१. बौद्ध धर्म	☐	क. कुरान
२. इस्लाम धर्म	☐	ख. बोन काङ्ग्युर र तेङ्ग्युर
३. किरात धर्म	☐	ग. बाइबल
४. इसाई धर्म	☐	घ. त्रिपिटक
५. सिख धर्म	☐	ङ. आगम
६. जैन धर्म	☐	च. गुरु ग्रन्थ साहिब
		छ. मुन्धुम

३ ठिक कि बेठिक? [२]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको ०.५ अङ्क छ।

i. लुम्बिनी सन् १९९७ देखि युनेस्कोको विश्व सम्पदा सूचीमा छ। ☐

ii. ढुङ्गे मूर्तिकलाको इतिहासमा मल्लकाललाई स्वर्णयुग मानिन्छ। ☐

iii. पाटनको कृष्ण मन्दिर प्यागोडा शैलीको मन्दिर हो। ☐

iv. जङ्गबहादुर राणा युरोप भ्रमणबाट फर्केपछि नेपालमा युरोपेली वास्तुशैली भित्रियो। ☐

४ अति छोटो उत्तर [८]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

क. सिख धर्मका संस्थापक को हुन्? [१]

ख. नेपालमा पाइएका सबैभन्दा पुराना ग्रन्थ चित्र कुन ग्रन्थका हुन्? [१]

ग. नेपालका सबैभन्दा पुराना भित्ते चित्र कुन दरबारमा छन्? [१]

घ. मिति खुलेको नेपालकै सबैभन्दा पुरानो मूर्ति कुन राजाको हो? [१]

ङ. जनकपुरको जानकी मन्दिरलाई अर्को कुन नामले पनि चिनिन्छ? [१]

च. एउटा मन्दिरमा तह तह परेका छाना छन्। छाना तल ठुलो र माथि सानो हुँदै गएको छ र टुप्पामा गजुर छ। यो कुन शैलीको मन्दिर हो? [१]

छ. एउटा मूर्तिमा धेरै गरगहना, विशेष प्रकारको मुकुट, चुच्चो नाक, पातलो ओठ र लामा आँखा छन्। यो कुन कालको मूर्तिकलाको विशेषता हो? [१]

ज. सेता खम्बा, ठुला झ्याल र चुनाले पोतेका भित्ता भएको दरबार कुन वास्तुशैलीमा बनेको हो? [१]

५ छोटो उत्तर [८]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

क. सबै धर्मका कुनै दुई साझा सार लेख्नुहोस्। [२]

ख. मानवमूल्यका कुनै दुई महत्त्व लेख्नुहोस्। [२]

ग. प्यागोडा शैली र स्तूप शैलीबिच कुनै दुई भिन्नता लेख्नुहोस्। [२]

घ. विद्यालयबाट घर फर्कंदा बाटामा मानसिक सन्तुलन गुमाएजस्तो देखिने एक जना व्यक्तिलाई केही बालबालिकाले जिस्काइरहेको तपाईंले देख्नुभयो। त्यस बेला तपाईं के गर्नुहुन्छ? मानवमूल्यका आधारमा कुनै दुई काम लेख्नुहोस्। [२]

६ लामो उत्तर [४]

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

नेपाली चित्रकलालाई कति भागमा बाँडिन्छ? प्रत्येकको छोटकरीमा व्याख्या गर्नुहोस्।

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-9-social/our-social-values-and-norms

७ सोच्नुहोस् [२]

सोचेर उत्तर लेख्नुहोस्।

लिच्छविकालका ढुङ्गाका धेरै मूर्ति आज पनि पाइन्छन्, तर त्यस बेलाका चित्र एउटै पनि पाइँदैनन्। यसको कारण के होला? पुराना चित्र जोगाउन आज के गर्न सकिन्छ?

८ क्रियाकलाप: नेपाली वास्तुकलाका शैली (अङ्क नदिइने)

नेपाली वास्तुकलाका शैलीको पहिचान र नेपालबाट दुई दुईओटा उदाहरण लेखेर तालिका पूरा गर्नुहोस्।

शैली	मुख्य पहिचान	नेपालका दुई उदाहरण
प्यागोडा शैली		
स्तूप वा चैत्य शैली		
शिखर शैली		
मिश्रित शैली		
युरोपेली शैली		